हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

● वर्ष ४● अङ्क १८ ● २०७२ मंसिर १३ गते आइतबार ● ( Nov. 29, 2015 मूल्य रु.१०/-

Shreenagar from ideas to impacts...

श्रीनगर -कृषकको सहयात्री

"कृषकको उन्नती, समृद्धि तथा सुखद जीवनप्रति समर्पित"



एउटै ठाउँ सम्पूर्ण सेवा पाऔं

कृषकको समस्याको सहि पहिचान अनी समाधान.......

श्रीनगर एग्रो फार्म

www.safnepal.com

## भारतले गरेको अघोषित नाकाबन्दीका कारण कृषि क्षेत्र तहश नहश

# एक खर्बको पशुपंक्षीका औषधी सीमा मै थन्कियो

**हिमा पौडेल 'स्वस्ती'**

काठमाडौं । भारतले गरेको अघोषित नाकावन्दी र तराईकेन्द्रित राजनीतिक दलहरुले नेपाल भारत सीमामा गरेको आन्दोलनका कारण करीव ४ महिनादेखि भारतको बाटो भएर आउने कृषि जन्य बस्तुहरु रक्सौलको बन्दरगाहमा नै अड्किएको छ । जसका कारण नेपालको कृषि क्षेत्रको विकासमा ठूलो धक्का परेको छ । गहुं छर्ने मौसम भएका कारण यतिखेर मुलुकभर रासायनिक मलको अभाव खड्किएको छ ।

किसानहरु रासायनिक मलको अभावका कारण गहुं छर्ने कि नछर्ने दोधारमा परेका छन् । यसले गर्दा आगामी बर्ष गहुं उत्पादन अत्यधिक घट्ने देखिएको छ । कृषि विकास मन्त्रालयको सभाकक्षमा बसेर तीनबर्षभित्र कृषिमा आत्मनिर्भर बनाउने योजना बुनिरहेका वर्तमान मन्त्री, सचिव देखि पूर्व मन्त्री सचिवसम्मले नाकावन्दीका कारण किसानहरुले खेप्नु परेको कष्टका बारेमा सम्वोधन गर्न नसक्नुलाई कृषि





विज्ञहरुले मन्त्रालय किसानहरुको पीडामा मलम लगाउने पक्षमा नदेखिएको धारणा व्यक्त गरेका छन् । शुक्रबार कृषि मन्त्रालयमा करीव पांच घण्टा लामो समयसम्म कृषिका योजना बनाईरहंदा अघोषित नाकावन्दीका कारण कृषि व्यवसायमा संलग्न किसानहरुको करौडांको कृषि जन्य बस्तुहरु नाकाबाट छुटाउने विषयमा छलफल नहुनु, किसानहरका लागि तत्कालै आवश्यक रहेको रासायनिक मल भित्र्याउन तर्फ पहल नगर्नु दुखद् कुरा हो ।

नाकावन्दी कारण रासायनिक मल मात्र होइन कृषि औजारहरु, बीउ तथा अन्य कृषि सामग्रीहरु पनि बन्दरगाहमा थन्किएका कारण कृषि व्यवसाय नै धरापमा पर्ने संकेत देखिएको छ । कृषि क्षेत्रका लागि आवश्यक पर्ने धेरै बस्तुहरु विभिन्न देशबाट आयात गरिएको भएपनि ती सम्पूर्ण सामग्रीहरु नाका मै थन्किएर बसेका छन् ।

विगत तीन महिनाभन्दा लामोसमयदेखि मधेशी दलले गरेको आन्दोलन र भारतले गरेको नाकावन्दीको अप्रत्यक्ष रुपमा सवैभन्दा ठूलो घाटा कृषि क्षेत्रमा परेको छ । नाकावन्दीका कारण थोंपा सिंचाई का लागि आवश्यक सामग्रीतीन महिनादेखि थन्किएर बसेका कारण व्यवसाय नै छोड्नु पर्ने अवस्था आईसकेको सलोम एग्रिकल्चरका सञ्चालक श्रीकृष्ण अधिकारी बताउंछन् । व्यवसायिक कृषिका लागि सिंचाई अभाव भएका ठाउंमा थोरै पानीबाट धेरै सिंचाई गर्नका लागि थोपा सिंचाई प्रविधि तर्फ किसानहरु आकर्षित

वाँकी पेज ७ मा

## एसएसवीले किसानलाई ठोक्दा बोल्ने भएनन्

काठमाडौं । आफूलाई किसानका पक्षमा वकालत गर्ने ठेक्का लिएका एमाले, कांग्रेस, एमाओवादी वा मधेशी दल निकट किसान संगठनहरु किसानले कुटाई खांदा समेत चुईक्क बोल्ने आंट गर्न सकेका छैनन् । मधेशी दलहरुले गरेको आन्दोलन र भारतले गरेको अघोषित नाकावन्दीका कारण रासायनिक मल अभावले गहुं छर्न नपाएपछि सीमा पारीबाट रासायनिक मल किनेर ल्याउने किसानहरु यतिखेर एसएसवीको निशानामा पर्न थालेका छन् ।

केही दिन अगाडि सुनसरी सीमा क्षेत्रबाट रासायनिक मल ल्याउने किसानहरुलाई लक्षित गर्दै भारतीय सीमा सुरक्षा बलका प्रहरीहरुले किसानहरु माथि आक्रमण गरेका थिए । 'मल वालो कहां है' भन्दै रासायनिक मल भित्र्याउने किसानहरुलाई नै लक्षित गरी सो आक्रमण गरिएको बताइएको छ । तर काठमाडौंमा बसेर किसानका नाममा राजनीति गर्नेहरुले एसएसवीको आक्रमणमा परेका किसानहरुको पक्षका एक शब्द पनि उच्चारण गर्न सकेका छैनन् । यदि अन्य पेशाकर्मीहरुमाथि यस्तै दुर्व्यवहार हुंदा उनका पेशासंग निकट संस्थाहरुले आवान बुलन्द गर्ने गरिएको भएपनि किसान माथि आक्रमण हुंदा बोल्ने मान्छे नभेटिनु मा भने किसानहरु नै अचम्भित बनेका छन् ।

## युवालक्षित व्यवसायिक पशुपालन तथा प्रवर्द्धनात्मक कार्यक्रम सम्बन्धि पशु उत्पादन निर्देशनालयको सूचना !



"**दूध, फुल, मासु र ऊन उत्पादनमा बृद्धि, आर्थिक विकास र देशको समृद्धि**" भन्ने नाराका साथ पशु उत्पादन निर्देशनालय, हरिहरभववन, ललितपुरले सालबसाली कार्यक्रमका साथै **पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम, पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम, युवालक्षित विशेष पशु उत्पादन कार्यक्रमहरु** विभिन्न जिल्लाहरुमा सञ्चालन गरिरहेको छ । गत वर्ष जस्तै यस पनि निर्देशनालयको समन्वयमा विभिन्न ६५ जिल्लाहरुमा युवा लक्षित व्यवसायिक पशुपालन तथा प्रवर्द्धनात्मक कार्यक्रममा इच्छुक नेपाली युवाहरुलाई यस पेशामा आकर्षित गर्नका लागि सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयहरुमा निवेदन दिनका लागि मिति २०७२ कार्तिक १ गतेको कान्तिपुर दैनिकमा एक महिने सूचना प्रकाशन गर्दा उक्त सूचना दोस्रो पटक २०७२ कार्तिक ३० गतेको कान्तिपुर दैनिकमा प्रकाशन गरी निवेदन दिने म्याद यही २०७२ पौष २ गतेसम्मका लागि तोकिएको व्यहोरा सम्वन्धित सवैलाई जानकारीका लागि अनुरोध गरिन्छ । विस्तृत जानकारीका लागि सम्बन्धित जिल्लाको जिल्ला पशु सेवा कार्यालय वा केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय/केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालय/केन्द्रीय बंगुरकुखुरा प्रवर्द्धन कार्यालय वा यस निर्देशनालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ । **जय पशुधन !**



पशु सेवा विभाग

**पशु उत्पादन निर्देशनालय**

हरिहरभवन, ललितपुर फोनः ०१-५५२२०३१, ५५४२९१४

## हावादारी योजना निर्माण गर्दै कृषि मन्त्री



**० चालु आर्थिक बर्ष २०७२/७३ को धानबालीको क्षेत्रफल १४ लाख २० हजार ५ सय ७० हेक्टरलाई दुई बर्षभित्र १४ लाख ७६ हजार ५ सय ४० हेक्टर पुऱ्याउने ।**

**० हाल ५ लाख ३० हजार टन चामल आयत गरिएकोमा तीन बर्षभित्र १० हजार ५ सय ५७ टन निर्यात गर्ने ।**

**० चामलमा १४ अर्व व्यापार घाटा रहेकोले ३ बर्षभित्र ३ अर्व मूल्य बराबरको चामल विदेश को निर्यात गर्ने ।**

**० ६० बर्ष उमेर पुगेका किसानहरुलाई पेन्सनको व्यवस्था गर्ने ।**

## नार्कमा मन्त्रीको हस्तक्षेप बैज्ञानिक बने प्रशासन प्रमुख

काठमाडौं । क्रान्तिकारी भूमिसुधारको वकालत गर्दै आएका एमाओवादी नेता हरिबोल प्रसाद गजुरेल कृषि मन्त्री भएर आए लगतै कृषिको विकासमा नयाँ पाइला चाल्ने आशा राखेका कृषि कर्ममा लाग्नेहरु फेरि निराश बन्न थालेका छन् । कृषि मन्त्री भएर आएदेखि नै मन्त्रालय मातहतका सवै निकाय तथा परियोजनाको विस्तृत विवरण लिएका गजुरेलले मन्त्री पद पाएको ढेढ महिना वित्न नपाउदै मातहतका कार्यलयमा ठाडो हस्तक्षेप गरेको आरोप लाग्न थालेको छ । गजुरेलको हस्तक्षेपका कारण कृषि मन्त्रालय र मातहतका कार्यालयहरुले कृषिको नयाँ हरिका रुपमा उनलाई सम्वोधन गर्न थालेका छन् । नयाँ हरिका रुपमा कृषि मन्त्रालयका आएका

वाँकी पेज ७ मा

# सफल होला तीन वर्षभित्र कृषिमा आत्मनिर्भर हुने योजना ?

नेपाल कृषि प्रधान देश भन्दै कृषिमा आत्मनिर्भर हुने योजनाहरु बनाईरहँदा कृषिमा संलग्न किसानहरुको अवस्था कस्तो छ ? कृषि पेशामा दत्तचित्र भएर लागेका युवा पुस्ताको संख्या कति होला ? भन्ने तथ्यांक यतिखेर पाउन मुश्किल छ। हुन त योजना बनाउनका लागि कुनै श्रम प्रयोग गर्नु पर्ने आवश्यक छैन। कोठाभित्र बसेर दिमाग चलाएर र कलम घुमाएर आत्मनिर्भर हुने भईदिएको भए सायद नेपाली जनताले यतिखेर नाकावन्दी कै कारण अर्बौं रुपैयांको हानी गर्नु पर्ने थिएन होला ?

हाम्रो मुलुक कृषिजन्य बस्तु उत्पादनका दृष्टिकोणले प्रथम बनिसक्थ्यो होला तर, बन्न सकिरहेको छैन। बरु एक खर्बभन्दा बढीको कृषिजन्य बस्तु आयात गरिरहेको कृषि विकास मन्त्रालयको तथ्यांकले देखाउछ। कृषि विकास मन्त्रालयले सार्वजनिक गर्ने गरेको तथ्यांकलाई मात्र केलाउने हो भने पनि नेपाल यही अवस्थामा कृषिको कुनै पनि बस्तु र बालीमा आत्मनिर्भर बन्न सक्दैन भन्ने कुराको ठोकुवा गर्दा ठिक हुन्छ होला ? त्यत्ति भनिरहंदा सरकारी अधिकारीको धारणा हुन सक्छ युवा लक्षित कार्यक्रमबाट धेरै युवाहरु कृषि तर्फ आकर्षित भएका छन्। कुरा सहि पनि हुन सक्ला जिल्ला कृषि कार्यालय वा जिल्ला पशु सेवा कार्यालयहरु मार्फत युवा लक्षित कार्यक्रमका लागि छुट्याईएको बजेटका आधारमा युवाहरुले कृषिमा कायापलट नै गरिसकेका छन्। तर तीनै अधिकारीहरुसंग कृषि उपज उत्पादनको तथ्यांक माग्ने हो भने बालुवामा पानी बराबरको प्रतिफल देख्न सकिन्छ।

अहिलेसम्म कृषि क्षेत्रमा गरेको लगानी र त्यसबाट भएको उपलब्धीहरुलाई हेर्ने हो भने तीन बर्षमा आत्मनिर्भर बन्ने कुरा हावादारी गफ भन्दा फरक नहोला। मन्त्रालयले नै सार्वजनिक गरेको पछिल्लो तथ्यांक हेर्ने हो १८ करोडको तरकारी मात्र आयात गरिएको देखिन्छ। त्यही तरकारी उत्पादन गरेर तीन बर्षभित्रमा ८३ करोडको निर्यात गर्ने लक्ष्य सहितको योजना बनाएको कृषि मन्त्रालयले कागजी रुपमा योजना मात्र बनाएको छ भन्दा फरक नपर्ला ? तीन बर्षभित्र आत्मनिर्भर बन्नका लागि कुन कुन जिल्लाबाट कस्ता कृषि उपज कति मात्रामा उत्पादन हुन सक्छ। ती कृषि उपज उत्पादन गर्नका लागि कति जनशक्ति आवश्यक पर्दछ वा खेती योग्य भूमि सो मात्रामा उपलब्ध छ कि छैन भन्ने कुरा उल्लेख हुन नसक्नु वा नदेखाउनु भने दुर्भाग्य नै हो कृषि प्रधान मुलुकका लागि। तसर्थ नयाँ मन्त्री आउँदैमा बनेका नयाँ योजनाले मात्र कृषिको विकास हुंदैन कृषिको विकास गर्नका लागि खेतमा गएर श्रम गर्नु जरुरी छ। ■

**आफ्नै सूचना**

*नेपालको पहिलो कृषि साप्ताहिकका रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ।*

सम्पर्क

**कृषि साप्ताहिक, बागबजार**

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

# कृषि विकास मन्त्रालयको नयां योजना
# ६० पुगेका किसानलाई पेन्सन कि टेन्सन

**विशेष सम्वाददाता**

गत शुक्रबार कृषि विकास मन्त्रालयको हलमा किसानका प्रतिनिधि तथा कृषि विज्ञका रचनात्मक सुझाव सङ्कलन गर्ने उद्देश्यले बृहत कार्यक्रम आयोजना गरियो। धेरै लामो समयसम्म चलेको सो छलफलमा पूर्व कृषि मन्त्रीदेखि पूर्व सचिवसम्म अनि किसानका प्रतिनिधिहरुको पनि उल्लेख्य उपस्थिति भयो। कृषि विकास मन्त्रालयले तीनबर्षभित्र कृषिमा आत्मनिर्भर हुने योजना ल्यायो। विगतमा पनि नयाा मन्त्री आएलगतै मध्यरातसम्म यसैगरी छलफल र वैठक हुन्थे।



तर, त्यसको प्रतिफल भने शुन्य देखिन्थ्यो। यस अघिका कृषि मन्त्रीले किसानलाई परिचय पत्र वितरण गर्ने योजना अघि सारे केही किसानहरुलाई परिचय पत्र वितरण गर्ने कार्य पनि गरियो। किसानले परिचय पत्र पाए तर कस्ता किसानले पाउने भन्ने कुरा त्यसबेला पनि एकिन भएन। काठमाडौं जिल्लालाई लक्षित गरी परिचय बांडिएका बेला काठमाडौंका किसानहरु मध्ये १० जना किसानहरुले पनि परिचय पत्र पाएनने भन्ने आरोप लाग्यो।

हुन पनि सरकारका नामबाट जिल्ला कृषि विकास कार्यालयको समन्वयमा किसान परिचय पत्र वितरण गर्दा काठमाडौंमा जग्गा भाडामा लिएर व्यवसायिक कृषि उपज उत्पादन गर्न तयार रहेका गरिरहेका व्यवसायीहरुलाई परिचय पत्र तत्कालिन कृषि मन्त्री हरिप्रसाद पराजुलीले चेम्वर भवनको सभाकक्षका वितरण गरेका थिए। कतिपयले त सो कार्यक्रम नै बहिष्कार गरे कि किसानका नामबाट व्यवसायीहरुलाई परिचय पत्र वितरण गरियो भनेर। त्यसबेला सरकारले सुविधा उपलब्ध गराउनका लागि भन्दै किसानलाई चार भागका बर्गिकरण पनि गऱ्यो। किसानलाई वितरण गरिएको परिचय पत्र त्यत्ति प्रभावकारी भने हुन सकेको छैन।

अहिले फेरि त्यही परिचयपत्रका आधारमा किसानलाई पेन्सन दिने योजना मन्त्रालयको सो कार्यक्रममा अघि सारिएको छ। सो योजना अनुसार ६० बर्ष पूरा गरेका किसानहरुलाई पेन्सन दिने रे ? कृषि विकास मन्त्रालयको पेन्सन व्यवस्थामा व्यवसायिक कृषिका माध्यमबाट मुलुकलाई आत्मनिर्भरता तर्फ अगाडि सार्ने ६० बर्षिय किसानले सो पेन्सन पाउने भो।

तर विचित्रको कुरा के छ भने जीवन भर हलो जोतेर खाईरहेका आफ्नो जीवीकोपार्जन गरिरहेका अनि आफूले उत्पादन गरेर उपभोग गरी वांकी रहेको कृषि उपज विक्री गरी परिवार धानिरहेका ६० बर्ष भन्दा माथिका किसानले पेन्सन पाउने कि नपाउन ? ती किसान जसले राज्यसंग आजका दिनसम्म केही मागेका पनि छैनन्। लाठी खाएर भएपनि रासायनिक मलको बोरा बोकेर खेती गरिरहेका छन् र त्यसवापत राज्यलाई मालपोत कर बुझाईरहेका छन्। उनीहरु कस्ता श्रेणीको पेन्सन दिने ?

६० बर्षसम्म व्यवसायिक कृषि गरिरहेका कति किसान छन् ? के कृषि विकास मन्त्रालयसंग यतिखेर कुनै तथ्यांक छ ? यदि छैन भने किसानलाई पेन्सन दिने नामबाट अर्को राजनीति शुरु गर्न खोजिएको त होइन धेरै प्रश्नहरु उब्जिन थालेका छन्। हुन पनि किसान भनेका राजनीति गर्ने राजनीतिक दलका भोट वैंक मात्र बनेका छन्। त्यो भन्दा फरक केही हुन सकिरहेको छैन।

अहिले यतिखेर मधेशी दलहरुको आन्दोलन र भारतले गरेको अघोषित नाकावन्दीका कारण किसानहरुले रासायनिक मलको अभावका कारण गहु छर्न पाएका छैनन्। किसानहरुले सहज रुपमा बीउ पाउन सकिरहेका छैनन्। बैशाख १२ गते गएको विनाशकारी महाभुकम्पका कारण लाखौ किसानहरु घरबार विहिन छन्। भूकम्प पीडित किसानहरुका नाममा बाांडिएको धानको बीउले उत्पादन दिएन। किसानहरुको छ महिनाको मेहनत खेर गयो। तर गुणस्तरहीन धानको बीउ वितरण गर्नेलाई राज्यले कार्वाही गर्न सक्दैन। किसान माराहरुसंग उच्चअधिकारीहरुको उठबस हुने गर्दछ। अनि विचरा किसानले कहां गएर आफ्नो विलौना पोख्न सक्छ ? सरकारले सक्ने हो भने किसान मारा संस्था, विचौलियालाई कार्वाहीगर्न सक्नु पर्दछ। सांच्चै सरकार किसानका पक्षमा उभिने हो भने किसानलाई पेन्सनको नाममा दुइ चार सयमा लोभ्याउने होइन जीवनभर कृषि कर्म गरिरहेका किसानहरुको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न सक्नु पर्दछ।

कृषि मन्त्री हरिबोल गजुरेलले भने जस्तो नेपालको संविधान २०७२ ले खाद्यान्न जनताका मौलिक हकभित्र समावेश गरेको हुादा उत्पादकत्व बढाउन सरकारले परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्दै लैजाने नीति लिए पनि कार्यान्वय तर्फ अगाडि जानु पर्दछ। नीति लिएर होइन सोही अनुरुप श्रम गर्न सक्नु पर्दछ। अनि पूर्वमन्त्री केशव बडालले भने जस्तो सिाचाइ कृषिका आधार भएकोले पहाडमा हजारौ पोखरी निर्माण गर्न सरकाले तल्लो तहका कृषकलाई रकम उपलब्ध गराउनु पर्दछ रे ? तर आजसम्म कृषिमा दिएको अनुदान कहां खर्च भईरहेको छ, कस्ता व्यक्तिहरुले कृषिका अनुदान वा रकम पाईरहेका छन् भन्ने कुरा सार्वजनिक गर्न तर्फ लाग्ने हो कि ?

**जीवन भर हलो जोतेर खाईरहेका आफ्नो जीवीकोपार्जन गरिरहेका अनि आफूले उत्पादन गरेर उपभोग गरी वांकी रहेको कृषि उपज विक्री गरी परिवार धानिरहेका ६० बर्ष भन्दा माथिका किसानले पेन्सन पाउने कि नपाउन ? ती किसान जसले राज्यसंग आजका दिनसम्म केही मागेका पनि छैनन्। लाठी खाएर भएपनि रासायनिक मलको बोरा बोकेर खेती गरिरहेका छन् र त्यसवापत राज्यलाई मालपोत कर बुझाईरहेका छन्। उनीहरु कस्ता श्रेणीको पेन्सन दिने ?**

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : ११ मंसिर २०७२**

अवधि : ११ मंसिर २०७२ - १७ मंसिर २०७२

**लागि : बाँके जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd,AERD, NARC and Agro-met Section, DHM)

## नेपालगञ्ज एयरपोर्ट, बाँकेको मौसम तथ्यांक

### गत हप्ता ०३ मंसिर २०७२ मा अन्त्य भएको मौसम अवस्था

| मौसमी विवरण | गत हप्ता (२७ कार्तिक २०७२ देखि ०३ मंसिर २०७२ सम्म |
|---|---|
| कूल बर्षा (मि.मी.) | ०.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | २७.३-२९.४ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | १२.८-१५.६ |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ९२.८-९९.० |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ४१.९-६६.६ |
| हावाको गति(मि/से)को दायरा | ०.०-३.२५ |
| हावाको दिशाको दायरा | उत्तर पूर्व |

### ४ मंसिर २०७२ देखि १० मंसिर २०७२ सम्मको मौसम विवरण

| विवरण | दिन (20 Nov 2015- 26 Oct 2015) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४/८/२०७२ | ५/८/२०७२ | ६/८/२०७२ | ७/८/२०७२ | ८/८/२०७२ | ९/८/२०७२ | १०/८/२०७२ |
| बर्षा (मि.मी) | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) | २८.७ | २८.५ | २८.७ | २८.६ | २८.५ | २७.६ | २७.२ |
| न्यूनतम तापक्रम | १३.५ | १३.१ | १४.३ | १३.० | १३.८ | १३.३ | १३.८ |
| अधिकतम सापेक्षित आद्रता | ९२.९ | ९८.९ | ९७.० | ९७.९ | ९९.० | ९६.८ | ९७.९ |
| न्यूनमत सापेक्षित आद्रता | ४९.३ | ५४.० | ५३.१ | ५१.८ | ४८.७ | ५४.१ | ५९.१ |
| हावाको गति m/s | ३.५ | १.७५ | १.७५ | २.० | १.० | १.७५ | ०.७५ |
| हावाको दिशा | दक्षिण पूर्व | उत्तर पूर्व | उत्तर पूर्व | उत्तर-पूर्व | उत्तर-पूर्व | दक्षिण पूर्व | उत्तर पूर्व |

## कृषि सल्लाह

**क) मौसम विश्लेषण :**

० आगामी हप्ता सामान्यरुपमा बदली रहेने तथा शुक्रबार वा शानिबारसम्ममा कतै कतै फाटफुत क्षणिक पानीपर्ने सम्भावना रहने छ । साथै सापेक्षित आर्द्रता औसतमा ७५% भन्दा माथि रहने छ । न्यूनतम र अधिकतम तापक्रम गत हप्ताको जस्तै रहने र विहानी पख चिसो बढ्न सक्नेछ ।

**ख) बाली नाली :**

**१. धान बाली :**

० आफूलाई चाहिने जति बीउ प्राप्त गरी स्वस्थ तथा समान बोटका राम्ररी पाकेका वाला बल्याएर शुद्ध बीउ उत्पादनको लागि ३-४ घाम सुकाई केलाई गरेर हावा नछिर्ने भांडा जस्तै सिड विन, भकारी, घ्याम्पो वा बोरामा राख्न उपयुक्त हुन्छ ।

० बीउ भण्डारणका लागि सुपर ब्यागको प्रयोग गर्नु उपयुक्त हुन्छ । सुपर ब्याग उपलब्ध नभउको अवस्थामा हावा नछिर्ने भांडो (मेटल वीन, भकारी) मा सेलफस २-३ चक्की प्रति टनको दरले प्रयोग गर्दा पुतली आदि जस्ता भण्डारणमा लाग्ने कीराबाट जोगाउन सकिन्छ ।

**२. मकै (हिउदे) वाली :**

० जग्गाको अन्तिम तयारीको बेलामा कम्पोष्ट मल २०० के.जी., डिएपी २.१ केजी, युरिया २.५ केजी र म्युरेट अफ पोटास १.६ केजी प्रति कठ्ठाका दरले माटोमा राम्ररी मिलाउन उपयुक्र हुन्छ ।

० मनकामना - १, गणेश -२ जस्ता हिउदे मकैको जात लगाउन उपयुक्र हुन्छ ।

**३. गहुँ**

० माटोको चिस्यान घटिरहेको हुनाले चिस्यान रहदै गहुँ छर्नु उपयुक्त हुन्छ ।

० जग्गाको तयारीको बेलामा ४०-५० केजी कम्पोष्ट मल तथा ३.० केजी यूरिया, ३.६ केजी डि.ए.पी र १.४ केजी म्यूरेट अफ पोटास प्रति कठ्ठाका दरले असिंचित जग्गामा प्रयोग गरी राम्ररी माटोमा मिलाउनु पर्दछ ।

० गहुँको उन्नत जातहरु, विजय, नेपाल ९७१, आदित्य, गौतम, अच्यूत, रोहिणी, विएल ११३५ आदि जातहरु लगाउनु उपयुक्त हुन्छ ।

० बीउको उपचार -बेभिष्टिन वा वेनलेट २ ग्राम वा भाइटाभ्याक्स २००-३ ग्राम प्रति केजीका दरले उपचार गरेर मात्र बीउ छर्ने ।

० गहुँको बीउ ३.३ केजी प्रति कठ्ठाको लागि पर्याप्त हुन्छ ।

**४. तोरी/रोयो/मूला तरकारी बाली**

० आगामी हप्ता मौसम सामान्यरुपमा बदली रहने तथा सापेक्षिक आर्द्रता औसतमा ७५% भन्दा माथि रहने हुँदा तोरी, रायो, मूला लगायतका बालीमा लाग्ने अल्टरनेरिया थोप्ले रोगको लागि मेन्कोजेव ३ ग्राम प्रति लिटर पानीमा घोली छर्नु उपयुक्त हुन्छ ।

**५. अरहर/ मुसुरो :**

० बोट ओइलाउने रोगको रोकथामको लागि २ ग्राम वेभिष्टिन वा डेरोसाल(कार्वेन्डाजिम) प्रति लिटर पानीमा घोलेर अरहरको बोट भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ ।

**६. फलफूल बाली**

० केरा खेती गर्ने कृषकहरुले केराको घरी वरिपरि पात पतिङ्गर, केराको सुकेका पात आदिले छाप्रो दिनु पर्दछ ।

० सिंचाई सुविधा भएका कागती बगैचामा डब्बल रिङ्ग (डब्बल औठी आकारको कुलेसो) बनाई सिंचाई गर्नु पर्दछ । सिंचाई सुविधा नभएका स्याला, घासपात वा कालो प्लाष्टिकको छाप्रो राख्नु पर्दछ ।

० कागती विरुवामा रोग किरा लागेका, उपचार हुन नसक्ने, एक आपसमा जोडिएका, सुकेका लामा लामा कांडा भएका र सलक्क बढेका चोर हांगाहरु, कलमी भाग भन्दा तलबाट आएका मुनाहरु र विरुवाको मूल काण्डको ४०-५० से.मी भन्दा तल आएका सवै हांगाहरु हटाउनु पर्दछ ।

**७. आलु :**

० बढ्दै गरेका आलुमा माटोको चिस्यान हेरि १५-२० दिनको फरकमा हल्का सिंचाई गर्नु उपयुक्त हुन्छ ।

**अगौट डढुवा रोग** : आलुमा यो रोग देखिएमा मेन्कोजेव ३ ग्राम प्रति लिटर पानीको घोल बनाई आलुको बोट पुरै भिज्ने गरी छर्नु उपयुक्त हुन्छ ।

**तरकारी बालीहरु :**

० मौसमी प्याज खेती गर्ने किसानहरुले तयार भएको प्याजको बेर्ना सार्ने उपयुक्त समय यही हो ।

० प्याजको बेर्ना किनेर सार्नु पर्ने किसानहरुले छिटो ढुकु नआउने रेडक्रियोल जातको बेर्ना सार्नु उपयुक्त हुन्छ ।

० काउली, बन्दा लगाएको ४५-५० दिन भईसकेको भएमा ७-१० ग्राम यूरिया (१ चम्चा) बोटको वरिपरि घेरा बनाई राखी पुर्नु पर्दछ । दोस्रो टपड्रेस गरिसकेपछि सिंचाई गुर्न पर्दछ ।

० काउली, बन्दा, ब्रोकाउली, सरिसके पछि फेद काट्ने किराको प्रकोप बढ्ने भएको कारणले क्लोरोपाइरिफर २० % ई.सी १ एमएल प्रति लिटर पानीमा घोली विरुवाको फेद फेदमा छर्नु पर्दछ ।

० भण्टाको डाँठ तथा फलको गवारो व्यवस्थापनको लागि गवारोको कारण ओइलिएको मुण्टा, पात तथा फल टिपी करिव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने । क्योरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.२ मिलि प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने ।

० हिउंदे तरकारी बालीको फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरोपाईरीफोस १६% को ०.५ मिलि र कार्वोनडाइजिम(बेभिष्टिन)५०% डब्लु पि.को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट बोट भिज्ने गरी छर्नु पर्दछ ।

० आगामी हप्ता सामान्य रुपमा बदली रही रहने हुनाले खुर्सानीको फल लागिसकेको अवस्थामा पात तथा फलमा लाग्ने थोप्ले रोग (सर्कास्पोरा र एन्थ्राक्नोज रोग) लाग्न सक्ने हुनाले वेभिष्टिभ ५०% डब्लु पि. को २ ग्राम प्रति लिटर पानीमा घोली पात तथा फल भिज्ने गरी छर्नु उपयुक्त हुन्छ ।

० आगामी हप्ता सामान्य रुपमा बदली रही रहने हुनाले गोलभेंडा, खुर्सानी, भण्टा आदिमा जरा कुहिने रोगले प्रकोप बढ्न सक्दछ । यसको व्यवस्थापनको लागि कार्वनडाईजिम ५०% डब्लु पि.(वेभिष्टिन) २ ग्राम प्रति लिटर पानीमा घोलेर विरुवाको पुरै भाग र जरासम्म पुग्ने गरी छर्नु पर्दछ ।

० सुख्खा मौसम भएकोले बेसार, अदुवा, बालीको टुप्पो मर्ने सुक्ने भएकोले छाप्रो राखी चिस्यान जोगाउनु पर्दछ ।

**अन्य :**

० सापेक्षित आर्द्रता घटबढ भईरहने समय भएकोले भण्डारण गरिएको खाद्यान्न तथा बीउहरुलाई रोग तथा कीराबाट बचाउन समय समयमा हेरचाह गर्नु उपयुक्त हुन्छ ।

० खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुँदैनन् । तसर्थ कीरा देखिने वित्तिकै विषादीको प्रयोग नगरौं । मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा(प्रेइङ्ग मेन्टीड) देखिएमा तिनीहरुको संरक्षण र संबर्द्धन गरौं ।

० मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नु पर्दछ ।

० चिसो बढ्ने क्रम जारी भएकोले मौरी घारलाई चारैतिरबाट प्लाष्टिकले बेरेर राख्नु उपयुक्त हुन्छ ।

**बाली संरक्षण**

**१. लाही (एफीड) :**

० १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाई रातभरी राखेर लाही लागेको ठाउँमा भिज्ने गरी भोलीपल्ट अनुकूल मौसममा छर्कनु राम्रो हुन्छ ।

० मालाथियन ५० इ.सी., २ मि.लि. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाउमा भिज्ने गरी अनुकूल मैसममा छर्कनु उपयुक्त हुन्छ ।

० नयाँ पालुवामा लाही, लिफ माईनर, सुलसुले लाग्ने भएमा सवई वा एट्सो तेल १५ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नु उपयुक्त हुन्छ ।

**घ) पशुपालन :**

० यो समय गाई भैसीमा भ्यागुते रोग देखिने बेला नभएता पनि यदि शंका लागेमा दक्ष भेटेरिनरियन अनुभवी प्राविधिकको सल्लाहमा अविलम्व एन्टीवायोटिक वा एण्टी माइक्रोवियलको सुई लगाउनु पर्दछ । भ्यागुते रोगको रोकथामको लागि हरेक साल बैशाख जेष्ठतिर छालामुनि ५ एम.एल भ्याक्सिन लगाउनु पर्दछ ।

० बाखाहरुमा छेर्ने रोग देखिइरहेको अवस्थामा जुत्तो (गोवर) निरीक्षण गरी नतिजाको आधारमा औषधी चलाउन उपयुक्त हुन्छ ।

० कुम्री (ढकेरी) लागेका बाखाको हकमा दैनिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डि.ई.सी) १०० मि.ग्रा. सात दिनसम्म खुवाउने र साथमा भिटामिन बी कम्प्लेक्सको सुई २-३ दिनसम्म लगाउने ।

० पि.पि. आर रोग लाग्न नदिन ३ महिनाभन्दा माथिका भेडा बाखामा सो रोग विरुद्धको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ ।

० बाखाको मोओलाको लागि ५% पोभीडिन आयोडिन वा १% कपर सल्फेट वा २% बोरिक एसिडको झोल वा १%पोटासको घोलले मुख सफा गर्नु उपयुक्त हुन्छ । मोओलाको भाईरस घाउ, चोटपटक लागेको वा काटेको ठाउँबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाखालाई

बाँकी पेज ४ मा

कृषि...

घाउ चोटपटक नलागेको वा काटेको ठाउँबाट मासिनमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाखालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नु पर्दछ ।

- गाई भैंसी तथा सुंगुरहरुमा खोरेत रोग लाग्न नदिन पशु सेवा कार्यालयको समन्वयमा सो रोग विरुद्धको भ्याक्सिन ६-६ महिनामा लगाउनु उपयुक्त हुन्छ ।
- यो समयमा हिउंदे घाँसहरु लगाउनका लागि जग्गाको तयारी गर्न उपयुक्त हुन्छ ।
- माछा पोखरीमा घुलित अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (एरेटर) को प्रयोग गर्ने ।
- माछा पोखरीमा तापक्रम घट्ने क्रम रहेकोले भूमिगत पानी (बोरिङ्ग वा ट्युव वेल) ले पोखरीको पानीलाई विस्थापित गर्नु उपयुक्त हुन्छ साथै माछालाई धेरै नचलाउन उपयुक्त हुन्छ ।

**घांसेबाली**

- हिउंदे घांसको लागि जग्गाको अन्तिम तयारीको बेलामा कम्पोष्ट मल २०० केजी, डिएपी ३.६ केजी, युरिया २.१ केजी, म्युरेट अफ पोटास १.३ केजी प्रति कठ्ठाका दरले माटोमा मिलाउन उपयुक्त हुन्छ ।
- जै घांसको हकमा ४ केजी बीउ प्रति कठ्ठाको दरले उपलब्ध भएसम्म अमृतधारा नभएमा नेत्र, कामधेनु, गणेश, पार्वती आदि जातको जै मंसिर महिनाको तेस्रो हप्ताभित्रै छर्न उपयुक्त हुन्छ ।
- बर्सिम घांसको हकमा १ केजी बीउ प्रति कठ्ठाको दरले ग्रिन गोल्ड जातको बर्सिम मंसिर महिनाको अन्तिमसम्म छर्न सकिन्छ ।। बर्सिमको बीउ राइजोबीयमले उपचार गरी छर्न उपयुक्त हुन्छ ।

# काभ्रेलाई तरकारीको बीउमा आत्मनिर्भर बनाउने पहल

काभ्रे । तरकारी उत्पादनका लागि विगतदेखि नै चर्चा बटुल्न सफल भएको काभ्रेपलाञ्चक जिल्लालाई विभिन्न किसिमका तरकारीको बीउमा आत्मनिर्भर बनाउन पहल थालिएको छ ।

जिल्लाको विभिन्न गाविसमा रहेका तरकारी बीउ उत्पादक कृषक सहकारी संस्थाले विभिन्न किसिमका तरकारीका बीउ उत्पादन गरेर काभ्रेपलाञ्चोकलाई तरकारी बीउ उत्पादनमा आत्मनिर्भर बनाउने प्रयास भएको जिल्ला कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकले जनाएको छ ।

जिल्लामा तरकारीका विभिन्न किसिमका बीउ उत्पादन भएका छन् तर बजारीकरणको ठूलो समस्या रहेको बताइएको छ । किसानहरुले नै सहकारी संस्थाबाट बीउ उत्पादन गरेर त्यसको प्रसोधन र प्याकेजिङसमेत गरेर बजारमा लगेर बिक्री वितरण गर्दै आएको भएपनि बीउको बजारीकरणमा दलालको चलखेल भएको समेत आरोप लगाए । जिल्लामा तरकारीको बीउलाई आत्मनिर्भर बनाउन तरकारीको बीउ उत्पादन व्यापक बनाउनका लागि मूल बीउको संरक्षण गर्नु पर्नेमा किसानहरुले जोड दिएका छन् । काभ्रेपलाञ्चोक जिल्लामा अनुमानित तरकारी बीउ मात्रै ५२ हजार १८६ किलोग्राम उत्पादन हुन्छ यसबाट रु. एक करोड २० लाख बराबरको आर्थिक कारोवार हुने गरेको छ । खास गरी सिमी, गोलभेडा, काउली, फर्सी, करेला, केराउ, पालुङ्गो चमसुर, रायो, काक्रालगायतका तरकारीका बीउ काभ्रेपलाञ्चोक जिल्लाबाट उत्पादन हुने गरेको छ ।

जिल्लाबाट उत्पादन भएको तरकारीको बीउ भक्तपुर, ललितपुर, काठमाडौंलगायतका बजारमा समेत निर्यात भएको देखिन्छ । तर तरकारीको बीउमा पनि वर्णशङकर(हाइब्रिड) जातको बीउको समस्या देखिएको छ ।

# मल नपाउदा काठमाडौं जिल्लाका किसानको खेत बाँझै हुने भने

काठमाडौं । मुलुकको राजधानी शहर काठमाडौंमा नै रासायनिक मल अभाव भएपछि काठमाडौंको कांठ क्षेत्रका किसानहरु धान भित्रयाएर गहुँ लगाउन पाएका छैनन् । जसका कारण काठमाडौंकै हजारौ रोपनी जमिन बाँझै हुने सम्भावना बढेको छ ।

हाल काठमाडौं जिल्लामा २१ हजार २०० हेक्टर जमिनमा किसानले खेती गरिरहेका छन् । शहरी क्षेत्रका कारण खण्डिकरण हुँदै गईरहेको अवस्थामा पनि यति धेरै जमिनमा खेती भईरहँदा पनि किसानहरुलाई मल सहज बनाउन तर्फ राज्यले ध्यान दिन सकेको देखिंदैन ।

धान भित्रयाएपछि गहुँ लगाउन मलको खोजीमा लाग्दा पाउन नसकेपछि काठमाडौं जिल्लाका किसानहरु खेत बाझै राख्न बाध्य हुनुपरेको छ ।

धान भित्र्याएपछि गहुँ लगाउन मलको खोजीमा लाग्दा पाउन नसकेपछि खेत बाँझै राख्न बाध्य हुनुपरेको किसानहरुले पनि गुनासो गरेका छन् । बूढानीलकण्ठ नगरपालिका-१६ चुनिखेलका रुद्रबहादुर श्रेष्ठ तिहारअघिदेखि मल खोज्दा पनि पाउन नसकेपछि अहिलेसम्म खेत बांझै रहेको बताए ।

विगत वर्षहरूमा चुनिदेवी कृषि सहकारीले घर आंगनमै मल पुर्‍याउने गरेकामा यस वर्ष भारतको अघोषित नाकाबन्दीका कारण पाउन नसकिएको उनले बताए । "वीरगन्जपारि मल आएर रोकिएको भन्दै कृषि सामग्री संस्थान लिमिटेडले यस वर्ष वितरण गर्न नसक्दा हजारौ रोपनी जग्गा यस वर्ष बाँझै राख्नुपरेको छ, मल हाल्ने बानी परिसकेकाले नहाल्दा उब्जनी हुंदैन, बजारमा खाद्य सामग्रीको अभाव भएका बेला खेतीयोग्य जमिनमा कमाइ गर्न नसकेपछि हाम्रो बिल्लीबाठ हुने भयोउनले



भने । जिल्ला कृषि विकास कार्यालय, काठमाडौमा पटक पटक धाउदा पनि केही उपाय नलागेको उनको दुःखेसो छ । रु एक हजार १४० पर्ने ५० किलोग्रामको युरिया मलको बोरा अग्रिम पैसा लिएर रु दुई हजार ५०० मा कालाबजारिया भइरहंदा पनि सरकार मुकदर्शक बनेको उनले बताए ।

# बारीमै कुहिने भो किसानहरुको करोडौंको अदुवा

पाल्पा । परम्परागत रुपमा गरिदै आएको कृषिलाई व्यवसायिक बनाउने पर्दछ भन्ने सरकारी अवधारणसंगै विभिन्न बस्तु तथा बालीहरु उत्पादन गर्दै आईरहेको किसानहरु पनि कृषिबाट नै आफ्नो भविष्य खोज्न थालेका छन् । तर, किसानहरुले उत्पादन गरेको बस्तु तथा बालीहरुको बजारीकरणको अभाव हुंदा किसानहरु कृषि पेशाबाट नै पलायन हुने हो कि भन्ने डर पनि उत्तिकै बढ्दै गएको छ । व्यवसायिक रुपमा अदुवाको खेती गरिरहेका पाल्पाका किसानहरुले आफूले उत्पादन गरेको अदुवाल निर्यात गर्न नपाएपछि किसानहरुको लगानी डुब्ने अवस्थामा पुगेको छ । भने जिल्ला उत्पादन भएको अदुवा खेतमा नै कुहिने चिन्ताले किसानहरुलाई पिरोलेको छ । पाल्पा



जिल्लाको पचासभन्दा बढी गाविसका करिब पांच हजारभन्दा बढी किसानहरुको दिगो आम्दानीको माध्यम अदुवा खेती बनेको छ । जिल्लामा उत्पादित अदुवामध्ये ९० प्रतिशत भारतीय बजार निर्यात हुदै आईरहेकोमा मधेस आन्दोलन र नाकाबन्दीका कारण किसानहरुले ठूलो नोक्सानी बेहोर्नुपरेको छ ।

पाल्पा छहराकी महिला किसान गोमा घिमिरेले अदुवा लगाएर राम्रै आम्दानी लिन सकिन्छ भन्ने उदेश्यले गतबर्ष भन्दा यो बर्ष दुई हजार ५०० किलो बीउ किनेर बारीमा लगाएकी थिएन् अदुवाको उत्पादन पर्याप्त भएपनि बजारमा निर्यात गर्न नपाएपछि उनलाई अदुवा खेर जाने चिन्ताले सताउन थालेको छ । अदुवा बिक्री गरेर छोराछोरीलाई पठनपाठनमा सहज होला भन्ने आशामा रहेकी घिमिरे अदुवा बारीमै कुहेर जाने डरले चिन्ता बोक्न थालेकी छिन् । नाकाबन्दीका कारण अदुवा बिक्री गर्न नसकिए तीन लाखको अदुवा नोक्सान हुने उनी बताउंछिन् ।

गोमा त एक उदाहरण पात्र मात्र हुने । उनी मात्र होइन उनी जस्ता यस क्षेत्रका धेरै जसो किसान बजारमा अदुवा निर्यात गर्न नपाउदा चितिन्त बनेका छन् । अदुवा व्यवसायबाट प्रशस्त आम्दानी हुने देखेपछि गतवर्ष प्रतिधार्नी रु तीन सयमा बीउ खरिद गरी किसानले बारीभरि अदुवा लगाएका थिए ।

छहरा गाविसबाट मात्र गतवर्ष झण्डै रु एक करोडको अदुवा बिक्री भएको अदुवा खेती गरिहेकी किसान सावित्रा कंडेलले बताईन । परम्परागतरूपमा गरिदै आएको अदुवाखेती नगदेबालीअन्तर्गत पर्ने हुंदा पछिल्लो समय धेरै किसानहरुको आम्दानीको बलियो माध्यम बनेको थियो । किसानले केही वर्षयता व्यवस्थित रूपमा उन्नत जातको बीउको प्रयोग गरी उत्पादनमा जोड दिदै आएका थिए ।

**अदुवाबाट सुठो, तेल, मसला, विभिन्न किसिमका सेन्टहरू, अचार बनाउन सकिने हुदा पहिलेदेखि नै अदुवाको माग देश विदेशमा बढ्दो छ ।**

खेर गएको पाखो पखेराको सदुपयोग गरी व्यवसायिक रूपमा अदुवाखेती गरेर छोराछोरी पढाउन, घर व्यवहार चलाउन किसानहरुका लागि गतिलो आम्दानीको स्रोत नै बनेको थियो । अदुवाको मूल्य राम्रो हुंदाहुदै पनि सरकारले स्वदेशमा प्रशोधन केन्द्र निर्माण नगरी भारत निर्यातमा जोड दिएका कारण किसानले यो समस्या झेल्नु परेको छहराका किसान भुवन रायमाझीले दुखेसो गरे ।

त्यस्तै गोठादी गाविसका व्यापारी रोशन खाम्चा भन्छन् । "गतवर्ष रु पचास लाखभन्दा बढीको अदुवा खरिद बिक्री गरेकोमा यसवर्ष रु एक लाखको पनि कारोबार गर्न सकिएको छैन" । आर्यभञ्याङग, पिपलडाडा, रामपुर, झडेवा, डुम्रेजस्ता बजारमा भारतीय व्यापारी स्वयम् आएर किसानबाट अदुवा खरिद गर्दा कुनै मेला वा पर्व लागेजस्तै हुन्थ्यो । तर अहिले यस्ता बजार सुनसान जस्तै भएका छन् । किसानहरुले अदुवा बिक्री गर्न नपाउदा बालबालिकाको पठनपाठनमा समेत समस्या उत्पन्न भएको जलदेवी प्राथमिक विद्यालय मित्यालका प्राधानाध्यापक लाल बहादुर सोतीको भनाई छ । विगत १३ वर्षदेखि अदुवा व्यवसायमा संलग्न बराङ्गीका किसान पशुपति बस्याललाई २७ रोपनी जग्गामा लगाएको अदुवा कसरी बिक्री गर्ने भन्ने चिन्ताले पिरोलिरहन्छ ।

बस्यालले बिगतका वर्षमा अदुवाबाट खर्च कटाएर वार्षिक रु दुईदेखि साढे दुई लाखसम्मको आम्दानी लिने गर्दथे, अहिले भने बिक्री गर्न नपाउदा आफूजस्ता सयौ किसान मर्कामा परेको उनी बताउंछन् । अदुवाबाट सुठो, तेल, मसला, विभिन्न किसिमका सेन्टहरू, अचार बनाउन सकिने हुदा पहिलेदेखि नै अदुवाको माग देश विदेशमा बढ्दो छ । जिल्लाको खानीगाउ, बराङ्गी, पालुङ्मैनादी, फेक, सिलुवा, मित्याल र भैरवस्थानलगायतका क्षेत्र अदुवाको लागि मुख्य पकेट क्षेत्र मानिन्छन् ।

पाल्पा जिल्लाको एक हजार ५५० हेक्टर क्षेत्रफलमा व्यवसायिकरूपमा अदुवा खेती गरिएको छ जिल्ला कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । सो तथ्यांकमा अदुवाको वार्षिक उत्पादन १४ हजार ५३० रहेको छ । जिल्लामा उत्पादित अदुवा तीन हजार ७५२ मेट्रिक टन काचो, क्याण्डी र चानाको रूपमा भारतलगायतका अन्य मुलुकमा निर्यात हुने गर्दछ ।

# चौंरी पालन विस्थापित हुने खतरामा

मुस्ताङ । तीन हजार मिटरदेखि माथिको क्षेत्रमा गरिने चौरीपालन व्यवसाय परम्परागत हुदा यसप्रति किसानको आकर्षण बढ्न सकेको छैन । जसका कारण मुस्ताङमा चौरीपालन व्यवसायप्रति आकर्षण घट्दै गएको छ । जिल्लाको कोबाङ, मुक्तिनाथ, छोसेर, लोमान्थाङ, झोङ, छोण्हुप लगायतका चौरीपालनका पकेट क्षेत्र मानिने भए पनि पछिल्ला वर्षमा त्यस क्षेत्रमा चौरी र चौरीपालक किसानको सङ्ख्या घट्दै गएको छ ।



उच्च क्षेत्रमा पाल्नुपर्ने र हिउंदको छ महिना सदावहार हिउं जमिरहने हुनाले जिल्लामा चौरीपालन व्यवसाय सङ्कटमा पर्दै गएको पशुसेवा कार्यालयका वरिष्ठ पशु चिकित्सक नन्दलाल वर्माले बताएका छन् । कोबाङ र लेते क्षेत्रको तल्लो स्थानमा हिउ कम पर्ने भएकाले त्यहांका किसानलाई केही सजिलो भएको उनको भनाइ छ ।

परम्परागत रुपमा चरन क्षेत्रमा छोडेर मात्र अब चौरीपालन व्यवसाय टिक्न सक्दैन । पकेट क्षेत्रमै चौरीका सङ्ख्या घटिरहेका छन्, यो मौसममा ठूलो सङ्ख्यामा चौरीगाई मरेका छन् उनले बताए । गत असोजदेखि चैत अन्तिमसाता जिल्लामा पटक(पटक हिमपात हुादा ३०० को हाराहारीमा चौरीगाई मरेको अनुमान गरिएको छ । चौरीपालनबाट किसानले सोचेजस्तो आम्दानी गर्न सकेका छैनन् । तर पनि मासु र आलो रगत पिउन स्थानीयवासीले चौरीपालन व्यवसाय गर्दै आएका छन् । मुस्ताङसहित मनाङ, सङ्खुवासभालगायत हिमाली क्षेत्रमा चौरीपालन व्यवसाय धरासायी बन्दै गएको पशुसेवा कार्यालयले जनाएको छ ।

हाल जिल्लामा पांच हजारको हाराहारीमा चौरीगाई रहेका छन्, त्यसलाई व्यवस्थित बनाउन विभिन्न स्थानमा छाप्रो र वैकल्पिक घांसको व्यवस्था गरिनुपर्छ अनिवार्य आवश्यकता छ ।

# चितवनमा घांसखेती गर्न अनुदान

चितवन । घांसमा आधारित पशुपालन बढाउन जिल्लामा अनुदानसहितको घांसपालन कार्यक्रम सुरु भएको छ । जिल्लाका ८१ जना किसानका लागि घांस खेती विस्तार गर्न रु २२ लाखको कार्यक्रम सुरु भएको हो । घांसमा आधारित पशुपालन प्रभावकारी हुने भन्दै यस्तो कार्यक्रम सुरु गरिएको जिल्ला पशुसेवा कार्यालयले जनाएको छ । साना किसानका लागि बीउमा तथा ठुला किसानका लागि क्षेत्रफल अनुसारको घांसपालन विस्तारका लागि अनुदान कार्यक्रम सुरु भएको कार्यालय प्रमुख वरिष्ठ पशु चिकित्सक डा रामकुमार कार्कीले बताएका छन् ।

जिल्लामा अहिलेसम्म पराल चोकरमा आधारित पशुपालन धैरै छ । पछिल्लो समयमा केही क्षेत्रमा व्यवसायिक घांस खेती भएपनि पर्याप्त छैन । आधा हेक्टर का दरले घांस खेती गर्ने ३० जना, एक हेक्टरमा घांस उत्पादन गर्ने २१ जना, दुई हेक्टर उत्पादन गर्ने नौ जना र तीन हेक्टर घास पाल्ने एक जना किसानका लागि घांसमा अनुदान आएको कार्कीले बताए ।

उनीहरूमध्ये आधा हेक्टरका लागि रु पांच हजार, एक हेक्टरका लागि रु १० हजार तथा दुई र तीन हेक्टरका लागि क्रमश रु २० र रु ३० हजार अनुदानको कार्यक्रम रहेको छ । यस्तै बर्सिङ घांस उत्पादनका लागि आधा हेक्टरका लागि १५ जनालाई रु पांच हजारका दरले र पांच जनालाई प्रतिहेक्टर रु १० हजारका दरले अनुदान दिइने बताइएको छ ।

# तनहुँमा उन्नत घांसको बीउ वितरण

तनहु । जिल्ला पशुसेवा कार्यालयले यस आवमा पशुको आहार आपूर्ति गर्न ८५० कृषकलाई ६० क्विन्टल उन्नत घासको बीउ निःशुल्क वितरण गरेको छ ।

राष्ट्रिय चरन तथा आहार केन्द्रको बृहत् घांसखेती अभियानअन्तर्गत कृषकलाई जोई र बरसिम जातको उन्नत घांसको बीउ वितरण गरिएको हो । हरियो घांस नपाउने मौसममा पनि उक्त उन्नत जातको घांस उत्पादन गरेर पशुको आहारका रूपमा प्रयोग गर्न सकिने हुंदा यस घांसखेतीतर्फ जिल्लाका कृषकको आकर्षण बढ्दै गएको छ ।

सो घांसखेती पानीको प्रशस्त सुविधा भएको स्थानमा राम्रो हुने बताइएको छ । उन्नत घांसले पशुको दूध र मासुको तौलमा वृद्धि गर्न सहयोग पूऱ्याउने पशु प्राविधिकहरु बताउछन् । जिल्ला पशु कार्यालयले प्रतिकिलो रु ७०/७५ सम्म पर्ने उक्त घांसको बीउ प्रायःजसो कृषकलाई निःशुल्क वितरण गरेको छ ।


## नेपालको संविधानमा समानुपातिक समावेशी सम्बन्धी व्यवस्था

- नेपालको संविधानले सबैको लागि सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरबन्द विरुद्धको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरुद्धको हक, संवैधानिक उपचारको हक लाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । साथै, संवैधानिक निकायको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको छ ।
- यसका अतिरिक्त, महिला, दलित, मधेशी, आदिवासी जनजाति, पिछडा वर्ग, सीमान्तीकृत समुदाय, अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति, थारु र मुस्लिमका सम्बन्धमा संविधानमा विभिन्न हक अधिकार रहेका छन् ।

## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

**नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रूपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग


# नाकावन्दीका कारण पांचथरमा धानको मूल्य बढ्यो

पांचथर । विगतमा आफूले उत्पादन गरेको धानको उचित मूल्य नपाईरहेका पांचथरका किसानहरु यतिखेर भने धानको मूल्य धैरै पाएपछि खुशी व्यक्त गर्न थालेका छन् । भार तले लगाएको अघोषित नाकावन्दीका कारण इन्धन अभावले जिल्लामा खाद्यान्नको मूल्य बढ्न थालेपछि पहाडी जिल्ला पांचथरका कृषकले उत्पादन गरेको धानको मूल्य पनि बढ्न थालेको छ ।

विगतका वर्षमा धानले खासै भाउ नपाउदा निरास बन्ने गरेका कृषक यस वर्ष सीमामा देखिएको समस्याका कारण अधिकांश चामलको मूल्य बढेपछि धानले उचित मूल्य पाएको बताउछन् । यस वर्ष इन्धन अभावले गर्दा तराईको चामल र पहाडको चामलभन्दा महंगो हुने भएपछि मानिसले धानै किन्न थालेका धानको मूल्य बढेको हो ।

गत वर्ष धान रु एक हजार २०० प्रतिमन बिक्री गरेका किसानहरुले यस वर्ष सुरुआतमै रु एक हजार ५०० देखि एक हजार ८०० सम्ममा बिक्री गर्न सफल भएका छन् । जिल्लाका सराङडांडा, नागिन, थर्पु, नांगी, याङनाम, मेमेङ, प्राङबुङ, सिदिन, च्याङथापु, फलैंचा लगायत गाविसमा उत्पादन हुने धान प्रायः जिल्लामै खरि दबिक्री हुने गर्छ ।

यस्तै पूर्वी पहाडी जिल्ला ताप्लेजुङ, इलामका कृषकले उत्पादन गरेको धानले पनि भाउ पाएको छ ।जिल्लामा अहिले बजारमा इन्धनको अभाव देखाउदै अधिकांश खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको मूल्यमा व्यापारीले ४० प्रतिशत मूल्य वृद्धि गरेका छन् । केही समयअघिसम्म रु एक हजार ५०० प्रतिमनमा बिक्री भइरहेको जिरा चामल अहिले रु दुई हजारसम्ममा बिक्री भइरहेको छ । यस्तै गत वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा समेत वृद्धि भएको जिल्ला कृषि विकास कार्यालय जनाएको छ ।

धान रोप्ने बेलामा पर्याप्त वर्षात भएकाले यस वर्ष धान उत्पादनमा वृद्धि हुने जिल्ला कृषि विकास कार्यालय पांचथरका वरिष्ठ कृषि विकास अधिकृत बेनु प्रसाईंले जानकारी दिए ।




# Mustang sees apple sale of Rs 290 million

Mustang, Farmers in Mustang district have made a good transaction of Rs 290 million from the apple sale this season

The apple production this season has gone down by seven per cent in comparison to the last in Mustang - considered to be the pocket area for apple yields. Farmers, however, have managed to generate attractive income from the apple sale.

According to the District Agriculture Development Office, 3,600 metric tons of apples out of total produce 4,750 metric tons were sold out this year. The farmers had sold out apple in bulk to traders on contract basis at the rate of Rs 80 per kg.

Famers across the district generated a mammoth income over Rs 288 million from the apple sale, shared Planning Officer at Mustang District Agriculture Office, Tapta Bahadur Gurung.

He said the apple output this season went down due to heavy snowfall and excessive cold at the outset of the season. According to the district agriculture office data, the production of apple last year was 5,100 metric tons.

The apple farming stretched over 997 hectares land of the district. In addition to Marfa, Jomsom, Tukuche, Kagbeni and Muktinath area is considered to be the pocket zone for apple produce.

"Farmers of the districts have been attracted towards apple farming as it has become a good source of income of late", said Planning Officer Gurung.

# Use of genuine agrochemicals can raise pulses output by 25%

NEW DELHI: Pulses production can increase by up to 25 per cent if farmers apply genuine pesticides on time, according to industry body Crop Life India.

The country is facing a shortage of two million tonnes of pulses in the country and as a result in a last month or so, the pulses prices have touched Rs 210 per kg. Therefore, the government was forced to import the lentils.



"... what we have seen from our field trials is that with the correct and timely application of quality and genuine agrochemicals, the loss in production of 20-25 per cent that happens due to pest attacks in pulses can be saved, thus helping in increased production," Crop Life India Chairman Ramkrishna Mudholkar told PTI. According to various industry estimates pests and disease infestation amounts to crop losses worth Rs 50,000 crore each year in India, due to the use of spurious agrochemicals.

The one-fourth of total agrochemical products worth Rs 3,475 crore were sold in India according to Tata Strategic Management Group report. "Lack of awareness among farmers, makes them buy spurious pesticides, which may not protect them against pest attacks but may damage the crop," Mudholkar said.

He added that Crop Life India member companies have been training farmers on how to use the pesticides and other agrochemicals correctly, judiciously, safely and timely.At the same time, we are also guiding farmers on how to identify the difference between spurious and fake products, making sure that they collect a bills from dealers for the products," he said.

It will be unfair to entirely blame farmers for their lack of awareness, on the other side, it is equally important for the state governments to enforce laws and ensure such products are not sold in the market, he added.

Appreciating regulatory system for agrochemicals sector in the country, Mudholkar, however, said there is an imperative need to pay attention to simplify the process to enable ease of doing business at the central and state levels.

India is the fourth largest producer of crop protection chemicals globally. The domestic crop protection industry's valuation stood at USD 2.3 billion in 2014 with the sector tipped to reach USD 4.2 billion by FY 2018-19.

# Involvement of criminals in fertilizer

Morang, Minister for Agriculture Development, Haribol Gajurel, has said that a concrete plan would be formulated and implemented for the development of agro sector.Minister Gajurel also said that the involvement of criminal elements in the sector would be discouraged.

At a news conference organised by the Revolutionary Journalists' Association, Morang, at Biratnagar, he said that priority for the development of export-oriented agri production would be given by discouraging the mafia-influence taking place in the import of fertilizer and betel nuts.

Stating that Nepali people have not committed any crime by promulgating a new and progressive constitution themselves, Minister Gajurel said that no comprise should be done with anyone on the issue of national sovereignty.

# River bank farming to be promoted

Bhadrapur, Stress has been laid on utilising the river banks for farming, with farmers increasingly resorting to river bank farming as of late. Farming has recently started in the river banks of Mai, Mawa, Biring, Mechi, Deunia among others in Jhapa. Low-income farmers are growing vegetables and fruits like cucumber, gourd, pumpkin, bitter gourd and water melon in the river banks.

According to latest statistics, there are some 68,000 hectares of river bank in 21 districts in the Tarai. However, only around 1,300 hectares are being used for cultivation, said coordinator of Helvetas Nepal Prasad Chettri. River bank farming using takes place during the dry season from January to May.

Currently, around 5950 farmers are reportedly involved in river bank farming across the country.

Speaking at a function organized to discuss about the possibility of river bank farming here on Wednesday, Local Development Officer Pradip Niroula said landless farmers could benefit from river bank farming. Chief of Agriculture Development Office Bhadrapur Meghnath Timalsena presided over the programme.

# Villagers come together to build agriculture road

Salyan, Local residents of Dhangwang VDC have join hands to build an agriculture road with their own investment.

The villagers of Khastole in ward no. 5 of the VDC have constructed a two-kilometer road linking Darikhola to Besari. It is a motorable road building with the contribution of 56 households, chair of road construction committee Govinda Raut said. The completion of the road has facilitated the transportation of agriculture produce to the local market and also bringing in daily commodities to the village. The village is known for production of ginger and orange among others.

# India on course to achieve 4% agriculture growth

NEW DELHI: India is close to attaining 4 per cent growth in agriculture while grappling with a new set of challenges in the form of stressed natural resources and climate change.

"We are striving towards achieving this goal and we are hopeful that with the collective efforts we will be able to achieve this target," agriculture minister Radha Mohan Singh said at a function to commemorate the Golden Jubilee of the which helped boost the country's farm production with the adoption of high-yielding crops and modern techniques.The share of agriculture in India's total GDP is 18 per cent. As against a growth target of 4 per cent for agriculture and allied sectors in the 12th Plan, growth in the first year at 2011-12 prices was 1.2 per cent and it was 3.7 per cent in 2013-14 and 1.1 per cent in 2014-15.

## एक...

छन् । त्यसका लागि आवश्यक सामग्री किसानहरुले माग गरेको समयमा पुऱ्याउन नसक्दा आफ्नो लगानी डुबेको अधिकारीको भनाई छ । अधिकारी जस्तै बीउ, मल तथा अन्य औजार आयात गर्ने व्यवसायीहरुको अवस्था पनि नाजुक बन्दै गईरहेको छ ।

त्यस्तै व्यवसायिक रुपमा गाईपालन गरिरहेका किसान, पोल्ट्री व्यवसायमा संलग्न रहेका व्यवसायिक किसानहरुको अवस्था पनि विग्रदं गएको चितवनका गाईपालन गरीरहेको किसान कृष्ण भण्डारी बताउछन् । गाई तथा कुखुरालाई ख्वाउनका लागि आवश्यक दाना, औषधी लगायतका कुराहरुको अभावका कारण किसानहरु अत्यन्तै पीडादायी अवस्थामा रहेका छन् । नाकावन्दीका कारण अरु विषयमा जति चर्चा र बहश हुने गरेको त त्यत्ति चर्चा र बहशको विषय कृषि क्षेत्रको बन्न सकिरहेको देखिंदैन । मानवका लागि आवश्यक औषधी अभाका कारण मुलुकभरका अस्पतालहरुका बन्द गर्नु पर्ने अवस्था आए जस्तै पशु पंक्षीका लागि आवश्यक पौष्टिक तत्व र औषधीहरु अभाव हुन थालिसकेका छन् । विरामी परेका पशुहरुको स्वास्थ्य उपचारमा समस्या पर्दै गईरहेको पशु चिकित्सा सेवामा लागि रहेको पशु चिकित्सकहरुको भनाई रहेको छ । नेपाल पशुपंक्षी औषधी व्यवसायी महासंघका महासचिव चित्र गुरुङ्गका अनुसार नाकावन्दीका कारण वीरगञ्ज भन्सार नाकामा एक खर्वभन्दा बढीको पशुपंक्षकि लागि आयात गरिएको औषधीहरु भित्र्याउन नसकिएको उनको दुखेसो छ । कृषि विकास मन्त्रालयमा जानकारी गराउंदा त्यसप्रति खासै चासो नदिएको उनले आरोप समेत लगाएका छन् । पशुपंक्षीका लागि आवशयक पर्ने औषधीहरु सवैभन्दा धेरै भारतबाट आयात गरिने समेत उनले बताए । पशुपंक्षीका औषधी भारत बाहेक, थाईल्याण्ड, चीन, वंगलादेश, जोर्डन, ताईवान लगायतका देशहरुबाट भित्र्याउने गरिन्छ । ती देशबाट नेपाल आयात गरिएका सम्पूर्ण औषधीहरु रक्सौला नाकामा थन्किएकाले औषधी व्यवसायीहरु पनि अहिले जोखिममा रहेका छन् । नाकावन्दी कै कारण मुलुकभर पशुपंक्षीका लागि आवश्यक औषधीहरु अभाव हुन थालेको महासंघका महासचिव गुङ्गको भनाई रहेको छ ।

## नार्क...

विगतमा डा. बाबुराम भट्टराई निकट रहेका नेता एवं बर्तमान कृषि मन्त्री गजुरेलले नेपाल कृषि अनुसन्धान परिषद्(नार्क)मा सरुवामा गरेका ठाडो हस्तक्षेपले उनको नियत उदाङ्गो हुन थालेको छ ।

नार्कको प्रशासन महाशाखामा प्रशासनिक व्यक्ति निर्देशक हुन प्रचलनलाई लत्याउंदै गजुरेलले मंसिर १५ गते अनिवार्य अवकाश हुन लागेका बैद्य माओवादी निकट नेपाल राष्ट्रिय कर्मचारी संगठन नार्क समितिका सल्लाहकार डा कृष्णप्रसाद पौडेललाई सो महाशाखामा सरुवा गरेपछि नार्कमा हल्लिखल्ली मच्चिएको छ । नार्क जस्तो गरिमामय संस्थामा प्रशासन तथा बैज्ञानिक समूहमा कार्यरत कर्मचारीहरुलाई आ आफ्नो क्षमता अनुरुप सोही समूहमा राखेर कृषि अनुसन्धानका लागि नयाा गोरेटो कोर्दै गरेको अवस्थामा अवकाश हुन लागेका बैज्ञानिकलाई प्रशासनमा सरुवामा गर्नु राम्रो संकेत भने होइन । बैज्ञानिक डा. कृष्ण प्रसाद पौडेललाई प्रशासन महाशाखामा सरुवा गरेर प्रशासन समूहका नवीनप्रकाश पौडेललाई अन्यत्र सरुवा गरेपछि क्रान्तिकारी कृषि मन्त्री हरिबोल प्रसाद गजुरेलले बैज्ञानिकलाई प्रशासनमा सरुवा गर्ने र प्रशासन चलाईरुहेको व्यक्तिहरुलाई बैज्ञानिक बनाईदिएर कृषि अनुसन्धानमा नयां छलाङ्ग मार्ने हो कि भन्ने चर्चा नार्क तथा कृषि क्षेत्रमा नै चल्न थालेको छ ।

कृषि क्षेत्रको विकासका लागि अनुसन्धानका माध्यमबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने नार्क र त्यसका कार्यरत बैज्ञानिक कर्मचारीहरुलाई अनुसन्धानको बाटोमा क्रियाशील गराउनु पर्नेमा प्रशासन महाशाखामा धकेल्ने मन्त्रीको निर्णयले नार्क अनुसन्धान गर्ने संस्था भन्दा पनि राजनीतिज्ञहरुको चलखेल गर्ने ठाउँ बन्न पुगेको छ ।

केही समय अगाडि नार्कमा गरिएको कर्मचारी भर्नालाई उनले लिखित पत्र पठाएर नियुक्ति पत्र दिन बाट रोकेका छन् । केही समय अगाडि मन्त्रालयमा आयोजित कार्यक्रममा आफूले राम्रो काम नगरे पार्टी अध्यक्षले फिर्ता बोलाउछु भनेको स्मरण गराएका गजुरेलले पहिलो गाासमा नै ढुङ्गा भने झैं नार्कका बैज्ञानिकलाई प्रशासनमा सरुवा गरेर देखाईदिएका छन् । यदि उनले कृषि आमूल परिवर्तन गर्नका लागि नार्क जस्तो संवेदनशील संस्थामा बैज्ञानिकहरुलाई बैज्ञानिक समूहमा नै र प्रशासनिक रुपमा क्षमतावान् कर्मचारीलाई प्रशासन समूहमा नै राख्नु जरुरी छ । अन्यथा गजुरेलको कृषिमा अहिले भने जस्तै नयाँ हरिका रुपमा परिचित भएर क्रान्तिकारी छलाङ्ग मार्ने बाहेक अरु केही पनि हुने छैन ।

# २ अर्व ९ करोड ७५ लाखको उखु खेतमै

महोत्तरी । साँढे तीन महिनादेखि बन्द हडतालले महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिल सञ्चालनमा नआउादा उखु किसानमा चेकजााचको अवस्थामा ल्याउन सक्ने बताउँदै महाप्रबन्धक दासले चिनी उद्योग सञ्चालन गर्न सरकारले खाासै चासो नदिएका कारण हजारौ किसान



चिन्ता बढेको छ ।

महोत्तरी, सर्लाही, सिरहा र सर्लाहीका उखु किसानले खेतमा लगाएको रु दुई अर्ब नौ करौड ७५ लाख ५० हजार मूल्य आउने उखु मिलले क्रसिङ्ग गर्न सकेको छैन । आवश्यक पर्ने उखुको जुस (रस) तताउने पाइप लोड गरिएको सवारी साधन नाकामै रोकिदा मिल सञ्चालनमा आउन नसकेको हो । मिलको मर्मतसम्भारको काम अन्तिम चरणमा पुगेको एभरेष्ट चिनी मिलका महाप्रबन्धक कृष्णचन्द्र दासले बताए । उनले भने, 'चिनी मिलको ९० प्रतिशत मर्मतको कार्य सम्पन्न भयो । तर जारी बन्दले आवश्यक यन्त्रका पाटपूर्जा महिनौदेखि नाकाबन्दीले सितामडीमा रोकिएको छ ।' मिलको १० प्रतिशत काम नाकामा रोकिएको पाटपूर्जा आए भन्ने १० दिनमा नै चिनी मिललाई ट्राइल समस्यामा पर्ने निश्चित रहेको बताए ।

गएको क्रसिङ्ग सिजन मङ्सिर १८ सुरु भएको थियो । तर, यस वर्ष दुई महिनादेखिको नाकाबन्दी र तीन महिनाभन्दा बढिको निरन्तरको बन्दले भारत हादुै आउने सरसमान आउन नसक्दा चिनी मिल कहिले सञ्चालनमा आउने हो निश्चित छैन । महोत्तरी, सर्लाही, धनुषा, सिरहागरी चार जिल्लाका ३३ हजार १०० जना किसानले २७ हजार ६०० बिघा क्षेत्रफलमा लगाएको सो मुल्य बराबरको उखु क्रिसिङ्ग गर्न समस्या देखिएको एभरेष्ट चिनी मिल रामनगरका प्रमुख उखु प्रबन्धक पवनकुमार झाले बताए ।

यस बर्ष महोत्तरीका १५ हजार उखु कृषकले ११ हजार विघामा लगाएको २२ लाख क्वीन्टल उखु तयारी अवस्थामा खेतमा छ । तीन हजार क्षेत्रफलमा धनुषाका उखु किसानले गरेको उखु खेतीमा चार लाख ५० हजार क्विन्टल उखु तयारी छ ।

सर्लाहीका आठ हजार ६०० सय किसानले १० हजार १०० बिघामा लगाएको १५ लाख क्विन्टल उखु तयारी अवस्थामा रहेको प्रमुख उखु प्रबन्धक झाले बताए । त्यसैगरी सिरहाका पााच हजार ६०० किसानले तीन हजार ५०० सय बिघा क्षेत्र फलमा लगाएको चार लाख गरी महोत्तरी, सर्लाही, धनुषा र सिरहाका चार जिल्लमा कुल ४५ लाख ५० हजार उखु तयारी अवस्थामा रहेको एभरेष्ट चिनी मिल रामनगरको तथ्याङ्कमा उल्लेख छ ।

यी चारै जिल्लामा लगाएको कुल उखु खेतीमध्ये ६५ प्रतिशत खुट्टी (एक पटक काटेर अर्को पटक उत्पादन लिन सकिने) र ३५ प्रतिशत मुरहन रहेको छ ।

गएको २०७१/२०७२ को क्रसिङ्ग सिजनमा एभरेष्ट मिलले ४९ लाख ५० हजार क्विन्टल उखु क्रसिङ्ग गरेको थियो । गएको बर्ष महोत्तरीबाट २५ लाख छ हजार क्विन्टल, धनुषाबाट छ लाख २९ हजार क्विन्टल, सिरहाबाट पााच लाख ४२ हजार क्वीन्ट, सर्लाहीबाट १२ लाख २२ हजार क्विन्टल र रौतहटबाट ४० हजार क्विन्टल गरी सो परिमाण बराबरको उखु पेलेका थिए ।

# झापामा बगर खेतीमा आकर्षण

भद्रपुर । नदीको बगरलाई उच्चतम प्रयोग गरी त्यसमा उत्पादन हुने बाली लगाउन सके मनग्य आम्दानी गर्न सकिने छ । झापाका माईधार, मावा, विरिङ, मेची र देउनिया नदीको बगरमा न्यून आर्थिकस्तरका कृषकले जग्गा भाडामा लिएर काात्रा, लौका, खरबुजा, फर्सी र करेला जस्ता वस्तुको केही वर्षदेखि खेती गर्दै आएका छन् ।

तराईका २१ जिल्लाका ६५ नदीमा करिब ६८ हजार हेक्टर जग्गा बगर छ । तर यति धेरै क्षेत्र भए पनि करिब एक हजार ३०० हेक्टर जग्गामा मात्र खेती हुने गरेको छ । नदी नजिकैका बगरमा त प्याज खेती पनि गर्न सकिने भएकाले बगर खेती पनि रोजगारी र आम्दानीका स्रोतका रूपमा लिन सकिन्छ । गर्मीको मौसममा खरबुजा वा तरबुजा निकै स्वादिलो र रसिलो हुने भएकाले यसलाई मरुभूमिको हिरा मानिएको छ । देशभरमा बगर खेतीमा करिब पााच हजार ९५० कृषक संलग्न छन् । अहिले बगर खेती लगाउने समयमा कृषकहरू आआफ्ना खेत तयार गर्ने र त्यसमा लगाउने बालीको बीउ र बिजन खोज्ने कार्यमा जुटेका छन् ।




## साप्ताहिक बजार मुल्य

Shreenagar from Ideas to Impacts...

| विकास क्षेत्र | हिमाली क्षेत्रको सरदर मूल्य रु. | पहाडी क्षेत्रको सरदर मूल्य रु. | तराई क्षेत्रको सरदर मूल्य रु. | देशभरको सरदर मूल्य रु. |
|---|---|---|---|---|
| **मासु प्रति किलो** | | | | |
| खसी | ६५० | ६१० | ५७५ | ६३० |
| रांगो | ३१५ | २३० | २०० | २५० |
| बंगुर | ३०० | २५० | २५० | २७० |
| ब्रोइलर | ३७५ | ३२० | २५० | ३२५ |
| स्थानीय | १०५० | ८५० | ६०० | ८०० |
| **अण्डा प्रति गोटा** | | | | |
| कुखुरा | २० | १४ | १२ | १५ |
| **दुध प्रति लिटर** | | | | |
| गाई | ८८ | ५८ | ५५ | ६७ |
| भैंसी | ९० | ६४ | ६० | ७१ |
| **माछा** | | | | |
| ट्राउट | १२०० | ९०० | - | १००० |
| कार्प | - | १९० | २०० | २१० |

स्रोतः पशुपंक्षी बजार प्रवर्द्धन निर्देशालय

जैविक प्रांङारिक मल क्वेन थोंङ् र न्यू लाईट प्रयोग गरौं
माटोको उर्वराशक्तिलाई वढाई उत्पादनमा बृद्धि गरौं"

थाईल्याण्डको प्रतिष्ठित एशिया एग्रो टेक कम्पनी लि. वाट उत्पादित, नेपाल कृषि अनुसन्धान परिषद्वाट परिक्षण प्राप्त नेपालको हावापानी माटो सुहांउदो, माटो र वोट विरुवालाई रोग किराले समेत असर गर्न नसक्ने

विषादीको प्रयोग गर्नै नपर्ने जैविक प्रांगारिक मल



नेपालको लागि अधिकृत विक्रेता




जोशी जनरल सप्लायर्स

Organic Certified by IFOAM, ACT.Operator Code No 22152 Asia Agro Tech Ltd., Thailand

२० पूर्णचण्डी मार्ग ,जावलाखेल ललितपुर
फोन नं.९८४१२०८५५८/ ९८४१८०७७५२

# गुणस्तरहीन पशुपंक्षीका औषधी

## बजारमा प्रशस्त भित्रिएका छन्



**नवराज शर्मा तिमल्सिना**

प्रवन्ध निर्देशक

एविएस फर्मुलेशन

पूर्व अध्यक्ष : नेपाल पशुपंक्षी व्यवसायी महासंघ

**० अघोषित नाकावन्दीका कारण पशुपंक्षी औषधी व्यवसाय कत्तिको प्रभावित बनेको छ ?**

पशुपंक्षीका लागि आवश्यक औषधी उत्पादन नेपालमै शुरु भएको भएपनि धेरै औषधीहरु विदेशबाट ल्याउनु पर्ने हुन्छ । आयात हुने औषधीमा २० देखि २५ प्रतिशत औषधी भारतमै उत्पादन भएका छन् । अर्को कुरा अन्य देशबाट औषधी ल्याउदा पनि सवैभन्दा छोटो दुरीको नाका भने को रक्सौल नै हो । अहिले रक्सौलमा अन्य बस्तुहरु जस्तै पशुपंक्षीको औषधीहरु पनि नाकावन्दीका कारण थन्किएर बसेको छ । नाकावन्दीका कारण ठूलो नोक्सानी व्यहोर्नु परेको छ । सो नाकाभन्दा अरु नाकाबाट औषधी ल्याउन खोज्दा पनि भारतले मानिरहेको छैन । पशुपंक्षीका लागि आवश्यक औषधी त्यसैका कारण ल्याउन सकिरहेको छैन । औषधी नहुंदा पशु मरेको न सरकारले देखेको छ न त यस विषयमा कसैले कुरा नै उठाएका छन् ।

**० त्यसो भए अहिले पशुपंक्षी औषधी व्यवसाय धरापमा पर्न लागिसक्यो ?**

अहिले यो व्यवसाय अत्यन्तै चुनौतीको रुपमा रहेको छ । नेपालमा भेटेरिनरीको स्थापना भए लगतै ०४७ सालदेखि नै हामी निरन्तर लागिरहेका छौं । परम्परागत रुपमा जडिबुटिबाट उपचार हुंदै आएका पशुहरुलाई अहिले युरोपदेखि विश्वका विभिन्न देशहरुबाट आयात गरिएका औषधीबाट उपचार गराउन थालिएको छ । नेपालमा नै एक दर्जनभन्दा बढी पशु औषधी उद्योगहरु स्थापना भईसकेका छन् । नेपालमा आवश्यक पर्ने २० प्रतिशत औषधी हामीले नै उत्पादन गर्न सफल भईसकेका छौं । तर पनि हामी अरु औषधीमा परनिर्भर रहनु परेको छ । हिजो हाम्रा किसानहरुले जुका नाम्लेको औषधी ख्याउन नपाएर पशुबस्तु मरेको अवस्था थियो । आज किसानहरु सचेत भएका छन् त्यो अवस्था अहिले छैन । तर यस तर्फ सरकारले चासो दिन नसक्दा चुनौति थपिएको छ ।

**० तर अनुगमन नभएका कारण बाहिरबाट ल्याईएका पशुपंक्षीका औषधी गुणस्तरहिन भित्रन्छन् भन्ने हल्ला छ नि ?**

नेपालमा पशुपंक्षीका लागि ल्याएका औषधीहरु गुणस्तरहिन भित्रियो, भारतको 'डम्पिङ्ग' साईट भयो भन्ने हल्ला नआएको होइन । म पशुपंक्षी औषधी व्यवसायी संघको अध्यक्ष रहंदा नेपाल सरकारको पशु सेवा विभागसंग समन्वय गरेर अनुगमनका लागि एउटा समिति नै निर्माण समेत भएको थियो । अनुगमनका क्रममा केही औषधी त्यस्ता भेटिए । त्यस्ता औषधी विक्री गर्नेलाई कार्वाही पनि चलायौं र केही औषधीलाई प्रतिवन्ध पनि लगाइयो । पछि मैले पनि अध्यक्ष छाडे र अनुगमन पनि हुन छाड्यो त्यसपछि फेरि त्यस्ता औषधीहरु बजारमा आईरहेका देखिन्छन् ।

**० एग्रोभेटहरुै मापदण्ड विपरित सञ्चालन भए अनुगमन भएन त्यसकै कारण यो अवस्था आएको हो ?**

यो के कारणले भयो भन्दा पनि यसको दोष सवै नेपाल सरकारले लिनु पर्दछ । पशुपंक्षीका लागि आवश्यक पर्ने औषधी आयात गर्नका लागि व्यवस्थित नीति नै कृषि विकास मन्त्रालयले बनाउन सकेको छैन । विगतमा पशु सेवा विभागका उच्चअधिकारीहरुसंग हामीले छलफल पनि गरेका हौं । कतिपय एन्टिवायोटिक औषधीहरु पशु विभागसंग समन्वय गरेर नै आयात भईरहेका पनि छन् । तर सवैले त्यसो गरेका छन् भन्न सकिंदैन । अर्को महत्वपूर्ण कुरा के हो भने औषधी जस्तो संवेदनशील बस्तु आयात वा विक्री वितरण गर्दा गुणस्तर तथा बजारको अनुगमन गर्ने काम गर्ने सरोकारवाला निकायले चासो नदिएका कारण भने यो पक्कै पनि भएको हो भन्न सकिन्छ ।

**० तर मापदण्ड विपरित र स्वीकृत नै नलिई एग्रोभेट सञ्चालन बढ्दै गईरहेको त छ नि ?**

यो कुरा सही छ । हामीले पहिले नेपाल भरीका दर्ता गरेर वा नगरी सञ्चालनमा आएका एग्रोभेटको तथ्यांक संकलन गरेका थियौं । २ बर्ष अगाडिको तथ्यांक हेर्ने हो भने करिव १ हजार २ सयको हाराहारीमा एग्रोभेटहरु सञ्चालन भएका थिए । दर्ता गरेर मात्र एग्रोभेट सञ्चालन गर्न पाउने कुराका लागि हामीले औषधी व्यवस्थापन विभागमा समन्वय पनि गरिरहेका छौं । म अझै पनि एग्रोभेट सञ्चालन गरिरहनु भएका साथीहरुलाई सम्वन्धित निकायमा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नका लागि आग्रह गर्दछु । जसले गर्दा राज्यले कर पनि पाउने र गलत सोचले व्यवसाय गर्न खोजेकाहरु निरुत्साहित पनि हुन्छन् । त्यसका लागि राज्यले दर्ता नभएकालाई कि प्रक्रियामा ल्याउनु पर्‍यो कि त्यस्ता पसलहरु हटाउन सक्नु पर्दछ ।

**० त्यसो त पशुपंक्षीको औषधी विक्री गरिरहुन भएका व्यवसायीहरु सम्वन्धित विषय अध्ययन नै नगरी लागेका छन् नि ? त्यसले भोलीका दिनमा असर पर्दैन ?**

हो त्यो कुरा स्वीकार गर्नु पर्दछ । त्यस्तो कार्यले ठूलो दुर्घटना निम्त्याउन सक्छ । २०५९ सालसम्म त्यस्तो कुनै व्यवस्था थिएन । र हामी व्यवसायीहरुले नै औषधी व्यवस्थापन विभाग, पशु सेवा विभाग समेतको त्रिपक्षीय रुपमा छलफल गरेर अभिमुखिकरण पनि होस् र उत्कृष्ट औषधी किसानलाई दिन सकोस् भन्ने सोचले तालिमको शुरुवात पनि गरेका थियौं । करीव १ हजार ५ सय साथीहरुले त तालिम हासिल गरिसक्नु भएको छ । अर्को कुरा के हो भने कतिपय साथीहरुले पसल दर्ता गर्नु भएको छ र पसल स्थापना नगरी झोलामा सञ्चालन गरिरहनु भएको छ । पसल दर्ता गरेर स्थापना नगर्नेहरुकोको स्वीकृतिलाई खारेज गर्ने कि पसल स्थापना गर्न लगाउने काम राज्यले गर्नु पर्दछ । त्यस्तै यसका लागि एउटा नीति पनि तयार भएको थियो त्यो स्वीकृत हुन सकेको छैन । त्यसलाई स्वीकृत गराउन सक्ने हो भने पनि पशुपंक्षी औषधी व्यवसायलाई अझ व्यवस्थित गर्न सकिन्छ ।

**० एग्रोभेट सञ्चालन गर्नका लागि निश्चित मापदण्डमा सरकारी स्वीकृत प्राप्त संस्थाबाट तालिम लिए पश्चात मात्र पाउने भन्ने छ तर, धेरैले तालिम नै नलिई प्रमाण पत्र लिएर झुण्ड्याएको देखिन्छ नि ?**

यो मैले पनि सुनेको हो । एक जना कार्वाहीमा नै पर्न भएको थियो । पहिले ग्रामिण पशु सहजकर्ता र जेटिएको एक महिने तालिम लिएकाहरुले एग्रोभेट सञ्चालन गर्न पाउने भन्ने कुरा थियो त्यो एकदमै गलत र नियम विरुद्धको कुरा हो । कतिपयले नक्कली प्रमाणपत्र बनाए र त्यसलाई कडाई गर्नका लागि पशुसेवा विभागसंग समन्वय गरेर सिटिभिटिई बाट मान्यता प्राप्त संस्थाहरुले दिने प्रमाण पत्रको पुछारमा यो प्रमाण पत्र औषधी पसल दर्ता गर्नका लागि होइन भन्ने लेख्न लगाएका छौं । अव त्यसको छानविन सम्वन्धित निकायले गर्नु पर्दछ ।

**० त्यसो भए सरकारको उदासिनताका कारण एग्रोभेटहरु मनलाग्दो किसिमले चलिरहेका छन् ?**

हो । किनकी सरकारलाई नै केही चासो छैन भने पशु सेवा विभागले दिएको एउटा चिीका भरमा साराज चीज दर्ता हुने गर्दछ । त्यहां कुनै अनुगमनको व्यवस्था छैन । यो व्यवसाय भित्र एकदमै भयवह अवस्था छ । सरकारले यसलाई तुरुन्तै निगरानी गर्न सकेन भने नेपाल पशुपंक्षीको औषधीको 'डम्पिङ्ग' साइट पनि हुन सक्छ । नेपालका किसानहरु अप्ठेरोमा पर्ने अवस्था देखिन्छ । त्यसकारण पनि तुरुन्तै एउटा प्रक्रियामा लैजानु आवश्यक छ ।

– वैकुण्ठ भण्डारी

भूकम्पले घर छैन !
धान सुरक्षित गर्न ठाउँ छैन

तर पनि मलाई केही डर छैन ! किनकी
अमेरिकी प्रविधिबाट नेपालमै उत्पादित तीन लेयरको PICS मैसँग छ
सम्पूर्ण किसानहरुका लागि सुरक्षित र हावा नछिर्ने अन्तर्राष्ट्रिय स्तरको व्याग








NAF Seeds Pvt.Ltd
Natole, lalitpur
Phone : 5538748 Fax :5534428
Website: www.nafseed.com

कृषि पत्रकार समाजका लागि हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नंः ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई–मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना काठमाडौं, सम्पादकः वैकुण्ठ भण्डारी